# पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७५

## सञ्चालक समिति

तानसेन, पाल्पा

मिति :२०७५ चैत्र २२

### प्रेस विज्ञप्ति

तानसेन नगरपालिकाको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार गठन आदेश २०७५ बमोजिम गठित पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७५ सञ्चालक समितिको पहिलो बैठक २०७५ चैत्र २२ गते तानसेनमा सम्पन्न भएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि सहादत प्राप्त गर्ने ज्ञात अज्ञात वीर शहीदहरुप्रति सम्मान प्रकट गर्दै शुरु भएको बैठकले विभिन्न निर्णय गरेको छ । नेपालको लोकतान्त्रिक आन्दोलन, प्रेस तथा अभिब्यक्ति स्वतन्त्रता, सामाजिक न्यायका लागि क्रियाशील साथै मानव अधिकारका पक्षमा प्रतिवद्ध राष्ट्रिय ब्यक्तित्व मध्ये हरेक वर्ष १ जनालाई यो पुरस्कारबाट सम्मान गरिने छ । तत्काल १ लाख ११ हजार १ सय ११ रुपैया नगद, ताम्रपत्र, दोसल्लासहित विशेष समारोहमा सम्मान गरिने छ ।

आवश्यक कायार्थ बैठकबाट संयोजक शम्भु श्रेष्ठको नेतृत्वमा ५ सदस्यीय कार्यसम्पादन समिति गठन भएको छ । यस्तै समितिका सदस्य राजेशकुमार अर्यालको संयोजकत्वमा ५ सदस्यीय विधान मस्यौदा उपसमिति गठन गरिएको छ ।

संस्थाको मुख्य कार्यालय तानसेनमा रहने छ । संस्थाको भूमिका समय सापेक्ष रुपमा प्रभावकारी बनाउँदै लगिने प्रतिवद्धता जाहेर गर्दै आवश्यक सहयोग तथा सान्दर्भिक राय सुझावका लागि सरोकारवाला सबैमा सादर अनुरोध समेत गर्दछौं ।

शम्भु श्रेष्ठ
संयोजक
तानसेन, पाल्पा

Scanned by CamScanner